# काठमाण्डौउपत्यका खानेपानी लिमिटेड

**प्रमुख कार्यकारी अधिकृत छनौट सिफारिश समिति**

**त्रिपुरेश्वर, काठमाण्डौ**

## प्रमुख कार्यकारी अधिकृत पदका लागि दरखास्त आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/११/१८)**

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पद खुल्ला प्रतिस्पर्धाका आधारमा छनौट गरी पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यस कम्पनीको मूख्य कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा आई पुग्ने गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिन भित्र रितपूर्वकको दरखास्त पेश गर्न हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. **पद :** प्रमुख कार्यकारी अधिकृत

२. **संख्या :** १

३. **आवश्यक न्यूनतम योग्यता :** मान्यता प्राप्त शिक्षण सस्थाबाट ईन्जिनियरीङ्ग, व्यवस्थापन,वित्त, वाणिज्य वा सार्वजनिक प्रशासनमा कम्तिमा स्नाकोत्तर पास गरेको र नेपाल सरकार वा कुनै सरकारी संस्था वा प्रचलित कानून वमोजिम दर्ता भएको संगठित संस्था वा अन्तराष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा कम्तिमा १० बर्ष कार्य अनुभव हासिल गरेको ।

४. **उमेर :** दरखास्त दिने अन्तिम मितिसम्ममा ३५ बर्ष पुरा भएको र ५८ बर्ष ननाघेको हुनु पर्नेछ । यस प्रयोजनको लागि दोब्बर दस्तुर तिरी दरखास्त दिने अवधिलाई गणना गरिने छैन ।

५. **पदावधि :** ४ बर्ष

६. **पारिश्रमिक तथा सुविधा :** काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिसम्बन्धी कार्यविधि, २०७६ को दफा १४ को अधिनमा रही कम्पनीको संचालक समितिले तोकेवमोजिम हुनेछ ।

७. **प्रमुख काम कर्तब्य र अधिकार :**कम्पनीको प्रचलित नीति, नियम तथा संचालक समितिकाट स्वीकृत कार्यविवरण वमोजिम हुनेछ ।

८. **छनौटको अंकभार :**काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ को दफा ८ वमोजिम हुनेछ ।

९. **छनौट प्रकृया :**

- रितपुर्वक दर्ता हुन आएका दरखास्तहरु मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ मा तोकिए वमोजिमदरखास्त पेश गर्ने उम्मेदवारकोशैक्षिक योग्यता र अनुभव अनुसूची - २ मा उल्लेखित आधार वमोजिम मूल्यांकन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने पांच जना उम्मेदवारको नाम छनौट गरी वर्णानुक्रमानुसार संक्षिप्त सूची प्रकाशन गरिनेछ ।
- संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुले तयार पारेको कार्यपत्र, कार्यपत्रको प्रस्तुतीकरण र अन्तरवार्तामा प्रदान गरिएको अङ्कमा शैक्षिक योग्यता, तालिम तथा अनुभव वापतको अङ्कसमेत जोडी योग्यताक्रम अनुसार छानिएका तीन जना उम्मेदवारहरुलाई वर्णानुक्रमानुसार नियुक्तिका लागि संचालक समिति समक्ष सिफारिश गरिनेछ ।

१०. **दरखास्त फाराम बुझाउने तरीका :** प्रमुख कार्यकारी पदका लागि तयार पारिएको दरखास्त फाराम कम्पनीको वेभसाईटवाट डाउनलोड गर्न सकिनेछ । उक्त दरखास्त फाराम प्रष्टसंग भरी हालसालै खिचेको पासपोर्ट साईजको फोटो दुई प्रति रदेहाय वमोजिमको कागजातको प्रतिलिपी (कार्यपत्र बाहेक) उम्मेदवार स्वयंले प्रमाणित गरी बुझाउनु पर्नेछ ।

(क) शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्व विद्यालयको प्रमाण पत्रको हकमा समकक्षता (Equivalent) को पत्र समेत अनिवार्य पेश गर्नु पर्नेछ )

(ख) तालिम, अनुभवको प्रमाणपत्र

(ग) नेपाली नागरिकताको प्रमाणपत्र

(घ) कार्यपत्र (तीन प्रति)

(ङ) उम्मेदवार आफैले प्रमाणित गरेको व्यक्तिगत विवरण (बायोडाटा)

उम्मेदवारले दरखास्त फाराम साथ शैक्षिक योग्यता, तालिम, अनुभव सम्बन्धी कागजातहरु तथा व्यक्तिगत बिवरण (बायोडाटा) खुल्ला रुपमा र कार्यपत्र तिन थान छुट्टाछुट्टै खाममा अलग अलग सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

११. **दरखास्त बुझाउने अन्तिम मिति :** यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समयमा कम्पनीको मुख्य कार्यालयमा दरखास्त बुझाउनु पर्नेछ । दरखास्त बुझाउने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त बुझाउन सकिनेछ ।

१२. **दरखास्त दस्तुर :** दरखास्त दस्तुर वापतको रु. ५०००। (पाँच हजार) फिर्ता नहुने गरी कम्पनीको नबिल बैंकमा रहेको चल्ती हिसाव नंबर ०२०१०१७५०१६१६ मा जम्मा गरी दरखास्त दस्तुर जम्मा गरेको बैंक भौचर २ प्रति दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ ।

१३. **कार्यपत्रको बिषयवस्तु एवं ढाँचा :** काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको भूमिका, कार्य संचालनको हालको अवस्था, समस्या, चुनौती, अवसरहरु तथा भावी रणनीतिका विषयहरु र उम्मेदवारले गरेका अनुकरणीय कार्यहरु संलग्न गरी चार बर्षे व्यवसायिक कार्य योजना सहितको बढीमा दुइ हजार पांच सय शब्दको कार्यपत्र तयार पारी दरखास्तसाथ पेश गर्नुपर्नेछ । कार्यपत्र अंग्रेजी वा नेपाली मध्ये कुनै एक भाषमा A4 साईजको कागजमा एक तर्फ मात्र लेखिएको हुनुपर्ने छ । कार्यपत्रको कभरपेजमा कार्यपत्रको विषय एवं कार्यपत्र लेखकको नाम उल्लेख गर्नु पर्नेछ ।कार्यपत्रको अन्य पेजहरुमा आफ्नो नाम, संकेत वा परिचय खुल्ने खालको कुनैपनि संकेत गर्न पाईने छैन । यस्तो गरेको पाईएमा कार्यपत्र रद्द गरी त्यसपछिको प्रकृयामा सहभागि गराईने छैन ।

१४. **संक्षिप्त सूची, कार्यपत्र प्रस्तुतिकरण तथा अन्तरवार्ताकोको सूचना :**संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको नामावली र कार्यपत्र प्रस्तुतिकरण तथा अन्तरवार्ताको मिति, समय र स्थानका बारेमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुकोसाथै कम्पनीको वेभसाईटमा समेत राखिनेछ ।

१५. **आवश्यक सूचना तथा जानकारी :** काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी कार्यविधि, २०७६, कम्पनीको प्रबन्धपत्र तथा नियमावली, प्रमुख कार्यकारी अधिकृतको कार्यविवरण लगायतका आधारभूत जानकारीहरु कम्पनीको वेवसाईट www.kathmanduwater.orgमार्फत प्राप्त गर्न सकिनेछ । यस विषयमा थप बुझ्नु परेमा कम्पनीको मुख्य कार्यालयमा सम्पर्क गर्न वा कम्पनी सचिव,श्री दिपेन्द्र बहादुर ओली (मोबाईल नंबर ९८५१०१२९२५) संग सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख कार्यकारी अधिकृत छनौट सिफारीश समिति**